रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ११ मिति : २०८०/०४/०१

## भाग १

## रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम नगरसभाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## विनियोजन ऐन, २०८०

नगरसभा बाट स्वीकृत मितिः २०८०/०३/१०

\

# विनियोजन ऐन, २०८०

रंगेली नगरपालिका, मोरङ्गको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र सो रकम विनियोजन गर्ने सम्बन्धमा बनेको ऐन सभाबाट पारित मिति: २०८०/०३/१०

**प्रस्तावना:** रंगेली नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम रंगेली नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम रंगेली नगरपालिकाको विनियोजन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि रंगेली नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०८०/०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचीहरुमा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.७३,२८,४३,००० (अक्षेरुपी त्रिहत्तर करोड अठाइस लाख त्रिचालिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन:**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को लागि रंगेली नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सकिनेछ । उल्लेखित रकम रकमान्तर गर्दा १० प्रतिशत सम्म प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट र १५ प्रतिशत सम्म नगरप्रमुखस्तरीय निर्णयबाट हुनेछ । एक पटक रकमान्तर गरेपछि पुन सोही शीर्षकमा रकमान्तर गर्न पाइने छैन । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा नगर सभाको निर्णय बमोजिम हुनेछ ।

**४. लेखाङकन प्रतिवेदन तथा आन्तरिक लेखा परिक्षण सम्बन्धी व्यवस्था :** (१) ऐन बमोजिम नगरपालिकाको नगरसभाबाट स्विकृत बजेट तथा कार्यक्रम खर्च गर्दा प्रचलित कानुनले तोके बमोजिम लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक र अन्तिम लेखा परिक्षण गराउनु पर्नेछ ।

**५. अख्तियारी तथा कार्यक्रम स्विकृत :** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि बिनियोजित भएको रकम प्रचलित ऐन नियमहरुको अधिनमा रहि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाइ हुनेछ ।

आज्ञाले

ओमकार प्रसाद न्यौपाने